## बाहिङ किरात मुलुखिम २०८१/०८२ बार्षिक प्रगति प्रतिवेदन

### (१) गोरखा पत्र राष्ट्रिय दैनिक समावेसी पेजमा बाहिङ भाषा पेज प्रकाशन ।

बाहिङ किरात मुलुखिम संस्थाको पहलमा गोरखा पत्र नयाँ नेपाल पेज अर्न्तगत बाहिङ भाषा पेज प्रकाशनमा मिति २०८० असार १३ देखि निरन्तर महिनामा दुई पटक प्रकाशन हुने गरि प्रकाशन ल्याउन सफल भयो । यसले भाषा संरक्षण र लिखित भाषा लेखन आधार तय गर्न र पाठक बर्गहरुमा थप मदत गर्न सहयोग भएको छ । प्रकाशनमा अध्यक्ष श्री भूपराज बाहिङज्यूको अतुलनिय भूमिका रहेकोमा संस्था आभार व्यक्त गर्दछ ।

### (२) बाहिङ भाषा पाठ्याक्रम पाठ्यापुस्तक कक्षा ३ प्रकाशन सम्पन्न ।

बाहिङ किरात मुलुखिम संस्थाको पहलमा मानेभञ्ज्याङ् गा.पा वडा नं १ मोलीका अध्यक्ष श्री राज कुमार रुम्दालीज्यूबाट लोपउन्मुख बाहिङ भाषा संरक्षण गर्ने उदेश्यले संस्थाको प्रस्तावलाई स्वीकार गरि बाहिङ भाषा कक्षा ३ को पाठ्याक्रम पाठ्यापुस्तक निर्माण र प्रकाशन गर्नका लागि पालिकाबाट बजेट विनियोज गऱ्यो । उक्त बजेट संस्थाले कक्षा ३ को पाठ्याक्रम तथा पाठ्यापुस्तक निर्माण प्रकाशन गरि श्री कालिका मा.वि लाई उपलब्ध गराईएको छ । प्रकाशनमा आर्थिक सहयोग गर्नु भएकोमा मानेभञ्ज्याङ् गा.पा समिति र वडा अध्यक्ष श्री राज कुमार रुम्दालीज्यू लगायत समितिहरुमा संस्था अभार व्यक्त गर्दछ ।

### (३) सामुहिक सारिखिम जग्गा खरिदका लागि आर्थिक सहयोग अभियान सम्पन्न ।

बाहिङ किरात मुलुखिमको उपाध्यक्ष श्री ठाकुर कुमार बाहिङज्यूको संयोजकत्वमा सामुहिक सारिखिम जग्गा खरिदमा केन्द्रीय कार्यसमितिका सम्पूर्ण पदाधिकारी सदस्य रहने गरि थप सदस्यहरु श्री ऋषिधन बाहिङ, श्री बुद्धराज बाहिङ, श्री तिर्थ बाहिङ, जिल्ला कार्यसमिति ओखलढुंगाका अध्यक्ष श्री जित बहादुर बाहिङ, सदस्य श्री राम कुमार बाहिङ र सुनसरी जिल्ला कार्यसमितिका अध्यक्ष श्री रामेश्वर रुमदाली, संरक्षक सदस्य श्री दुर्गा रुम्दाली, सदस्य श्री भिम राज बाहिङ समितिमा बैठकले समावेश गरि कार्य अगाडी बढाएको थियो । योजना सफल पार्न मिति २०८० भाद्र २ गतेको दिन राजधानीको नवदुर्गापाटि प्यालेसमा संस्थाका सदस्यहरु, शुभेच्छुकहरु, दाजुभाई दिदी बहिनीहरुको भेला गराई भव्य कार्यक्रम सु-सम्पन्न गऱ्यो । उक्त कार्यक्रममा संस्थाका अध्यक्षज्यूबाट सामुहिक सारिखिमको आवश्यकता बारे प्रष्ट पार्नु भयो । संस्थाका महासचिव श्री धिरेन सुस्तोचा बाहिङज्यूले सामुहिक सारिखिम योजना बारे कार्यपत्र सहित स्लाईडमा प्रस्तुत गर्नु भएको थियो । साथै संयोजक श्री ठाकुर कुमार बाहिङज्यूले अभियानलाई सहयोग गर्न अनुरोध गर्नु भएको थियो । उक्त भेलामा उपस्थीत दाजूभाई दिदी बहिनीहरुले आ-आफ्नो गक्ष अनुसार स्वइच्छुक सहयोग प्रतिवद्धता गर्नु भएको थियो । उक्त दिन देखि समुदयका घर दैलो अभियान गरि थप आर्थिक सहयोगका लागि अनुरोध गरि छ रोपनी १३ आना जग्गा खरिदका लागि आवश्यक आर्थिक सहयोग जुटाउन संस्था सफल भयो । योजना सफल पार्न अध्यक्ष श्री भूपराज बाहिङ, उपाध्यक्ष श्री मुगा माया बाहिङ, संयोजक तथा उपाध्यक्ष श्री ठाकुर कुमार बाहिङ, उपाध्यक्ष श्री चुम बहादुर बाहिङ, महा-सचिव श्री धिरेन सुस्तोचा बाहिङ, कोषाध्यक्ष श्री कृष्ण बहादुर बाहिङ, सह-कोषध्यक्ष श्री खड्ग कुमारी बाहिङ, सदस्य श्री ऋषिधन बाहिङ, सदस्य श्री बुद्धराज बाहिङ, सदस्य श्री चित्र बाहिङ, सदस्य श्री किरण बाहिङ, संरक्षक श्री डिल्लीराम बाहिङ, सदस्य श्री देशलच्छी बाहिङ, सदस्य श्री तिर्थ बाहिङ सदस्य श्री बल राज बाहिङ, जिल्ला कार्यसमिति ओखलढुंगाका अध्यक्ष श्री जित बहादुर बाहिङ, सचिव श्री

राम कुमार बाहिङ, बाहिङ किरात युवा संगठन, कवि तथा संरक्षक सदस्य श्री दुर्गा रुम्दाली बाहिङ, संरक्षक सदस्य श्री भिम राज बाहिङ, संरक्षक सदस्य श्री देव राज राई, सुनसरी जिल्ला अध्यक्ष श्री रामेश्वर दिलिङ्बाचा, बाहिङ किरात मुलुखिम दक्षिण कोरिय र समितिका कोषाध्यक्ष श्री मनिकला राई, बराहा नगरपालिका बाहिङ दयाल समिति अध्यक्ष र अजिरमान दिबुर्चाज्यूको सक्रृयता अतुलनिय रुपमा रहेको छ । यस अभियनलाई साथ दिनु भएकोमा वहाँहरु प्रति समिति आभार व्यक्त गर्दछ । साथै यस अभियानलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा साथ दिनु हुने सम्पूर्ण दाजुभाई दिदी बहिनीहरु, सदस्यज्यूहरु, देश विदेशबाट आर्थिक सहयोग दिनु हुने सहयोगि दाताहरु यस अभियानमा जोडिएर योगदान दिनु हुने सम्पूर्ण सफलताको भागेदार रहनु भएको प्रति संस्था आभार व्यक्त गर्दछ ।

**(४) नेचासल्यान गा.पा सोलुखुम्बुमा स्थानिय सरकारस्तरिय बाहिङ जाति र समुदायलाई आदिवासीमा सूचिकृत**

बाहिङ किरात मुलुखिम जिल्ला कार्यसमिति सोलुखुम्बु अध्यक्ष श्री विष्णु कुमार बाहिङ, केन्द्रका कोषाध्यक्ष श्री कृष्ण बहादुर बाहिङ, सदस्य श्री किरण बाहिङ, सदस्य श्री चित्र बहादुर बाहिङ, समाजसेवी श्री गोकुल बाहिङ र नेचासल्यान गा.पा अध्यक्ष श्री धनजन राई, पालिका उपाध्यक्ष विना राई, वडाध्यक्षहरुको सकरात्मक सोच र भाषा, संस्कृति, भूमि इतिहासका आधारमा आदिवासी जनजाति प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासीमा सूचिकृत हुने आभार भएको र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस, संघिय मामिला मन्त्रालय र प्रधानमन्त्रीको कार्यलयले तोकआदेश सिफारिस भई आदिवासीमा सूचिकृत गर्ने प्रावधान बमोजिम नेचासल्यान गा.पा का अध्यक्षज्यूको अध्यक्षतामा ऐतिहासीक रुपमा बाहिङ जातिलाई आदिवासीमा सूचिकृत गर्नु भएकामा बाहिङ किरात मुलुखिम संस्था पालिका अध्यक्ष लगायत सम्पूर्ण पालिका समितिहरु प्रति आभार व्यक्त गर्दछ । सूचिकृत गरि मिति २०८१/०५/२० मा श्री बाहिङ किरात मुलुखिम, श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यलय, श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, श्री आदिवासी जनजाति आयोग, र श्री आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई बोदार्थ प्राप्त भएको छ ।

प्रतिवेदन तयारी
महासचिव
धिरेन सुस्तोचा बाहिङ
**बाहिङ किरात मुलुखिम**
**केन्द्रिय कार्यालय, काठमाण्डौ**
**फोन :-०१ ५१५५१४५, ९८४९१८६७८८, ९८५११४३००३**
Email- bahingkiratkmulukhim@yahoo.com
bahingkiratmulukhim@gmail.com
Web: bahingkm.org.np